**2023**

| | |
|---|---|
| 学校 | |
| 名前 | |

神奈川県 教育委員会

KANAGAWA

# ２０２３年度入学希望者用

## आर्थिक वर्ष 2023 विद्यालय भर्ना हुन चाहने व्यक्तिका लागि


神奈川県に住む日本語を母語としない方へのご案内

खानागावा प्रान्तमा रहनु हुने जापानी भाषा मातृभाषा नभएका महानुभावको लागि जानकारी

# 神奈川県の「公立高校入学のためのガイドブック」

日本語＋ネパール語翻訳版 ⇕ जापानी + नेपाली

# खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक


神奈川県 教育委員会

令和5年度神奈川県公立高等学校入学者選抜

募 集 案 内

このガイドブックは、神奈川県教育委員会が発行する「令和５年度神奈川県公立高等学校入学者選抜　募集案内」の内容をもとに作成されています。

यस गाइडबुक, खानागावा प्रान्तीय शिक्षा समितिले जारी गर्ने " शैक्षिक सत्र 2023 खानागावा प्रान्तीय सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना छनौट हुने भर्ती जानकारी"को विषयवस्तुमा आधारित रहेर सिर्जना गरिएको हो।

**神奈川県の公立高校入学者選抜の多言語情報** https://hsguide.me-net.or.jp ☞

खानागावा प्रान्तको सार्वजनिक उच्च मा.विमा भर्ना हुने विद्यार्थी चयन सम्बन्धी बहुभाषामा जानकारी

**高校進学ガイダンスの申し込み** https://hsguide.me-net.or.jp/reservations ☞

उच्च माध्यामिक विद्यालय प्रवेश गाइडान्सको लागि आवेदन

作成：神奈川県教育委員会＋認定ＮＰＯ法人多文化共生教育ネットワークかながわ（ME-net）

रचना: खानागावा प्रान्तीय शिक्षा परिषद् + मान्यता प्राप्त NPO संस्था, बहुसांस्कृतिक सह-जीवन शिक्षा नेटवर्क खानागावा (ME-net)

विषयसूची

प्रवेश परीक्षा हुने बेला सम्ममा निम्न जानकारी थाहा पाइराख्नु होला **पृष्ठसङ्ख्या**

१ उच्च माद्यामिक विद्यालयको किसिम ········ 1

(१) सार्वजानिक उच्च माध्यमिक विद्यालय र निजि उच्च माध्यमिक विद्यालय बीचको फरक

(२) पूर्णकालीन, निर्धारित र सञ्चार प्रणाली बीचको फरक

(३) ग्रेड सिस्टम र क्रेडिट सिस्टम बीचको फरक

(४) सामान्य र विशिष्टिकृत र समग्र पाठ्यक्रमको बारेमा

प्रवेश परीक्षाको बेलामा निम्न कुराहरू पुष्टि गरिराख्नु होला

२ प्रवेश परीक्षा सम्मको तालिका········ 3

३ सार्वजानिक उच्च माध्यमिक विद्यालयको भर्ना हुने विद्यार्थी चयनको रूपरेखा र तालिका········ 4

४ दरखास्त योग्यता र आवेदनको लागि आवश्यक पर्ने कागजात आदि········ 5

(१) दरखास्त योग्यता

(२)आवेदनको लागि आवश्यक पर्ने कागजात आदि

५ सार्वजानिक उच्च माध्यमिक विद्यालयको प्रवेश परीक्षा शुल्क र विद्यालय भर्ना शुल्कको छुट वा माफी प्रणाली बारेमा ········ 6

६ सर्वेक्षण पत्रका बारेमा ········ 7

७ अन्तरवार्ता सिट बारेमा········ 8

८ विदेशमा हुने विद्यालय शिक्षामा नवौँ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया ········ 9

९ सार्वजानिक उच्च माध्यमिक विद्यालयमा भर्ना हुने विद्यार्थी चयन बारेमा········ 10

(१) साझा चयन एवम् विशेष भर्ना

(२) प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने विद्यालय

(३) निर्धारित र सञ्चार प्रणाली विभाजन चयन (रातीको निर्धारित समय प्रणाली र सञ्चार प्रणालीमा सञ्चालित)

(४) सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि बारेमा

विद्यालय भर्ना गरिसकेपछि ・・・आवश्यक कुरा

१० पढाइ खर्च बारेमा········ 17

११ उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकमका बारेमा········ 18

१२ निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा ········ 18

१३ उच्च माध्यमिक विद्यालयको पुनःभर्ना बारेमा ········ 19

यो गाइडबुक बारेको सोधपुछ ठेगाना

खानागावा केन क्योउइकु इइनखाइ, क्योउइकु क्योकु, कोउकोउ क्योउइकु खा न्युगाकुस्या सेन्बाचु तेइइन ग्रुप

(खानागावा प्रान्तीय शिक्षा परिषद्, शिक्षा विभाग, उच्च मा.वि. शिक्षा शाखा भर्ना छनोट कर्मचारी समूह)

TEL ०४५ – २१० – ८०८४

HP: https://www.pref.kanagawa.jp/docs/dc4/nyusen/nyusen/kanagawa.html

एन पि ओ होउजिन ताबुन्खा क्योसेइ क्योइकु नेटवर्क खानागावा (ME-net) कार्यालय

(NPO बहुसांस्कृतिक सह-जीवन शिक्षा नेटवर्क खानागावा)

TEL ०४५ – ८९६ - ००१५ (सोम, बुध र शुक्रबार 10:00～17:00) इमेल - :info @ me-net.or.jp

HP: https://me-net.or.jp/

गाइडबुक को अनुवाद संस्करण माथिका दुई होम पेज बाट डाउनलोड गर्न सकिन्छ।

प्रवेश परीक्षा हुने बेला सम्म निम्न जानकारी थाहा पाइराख्नु होला

## 1 उच्च माध्यमिक विद्यालयको किसिम

खानागावा प्रान्त भित्रको उच्च माध्यमिक विद्यालयलाई, सार्वजनिक उच्च माध्यमिक विद्यालय र निजी उच्च माध्यमिक विद्यालयमा विभाजन गरिन्छ। साथै, कक्षाको समय आदि अनुसार, तीन प्रकारमा विभाजन गर्न सकिन्छ।

(1) सार्वजनिक उच्च माध्यमिक विद्यालय र निजी उच्च माध्यमिक विद्यालय बीचको फरक

| | |
|---|---|
| सार्वजनिक उच्च माध्यमिक विद्यालय | -प्रान्त या नगरद्वारा स्थापित<br>-खानागावा प्रान्तमा रहनु हुने व्यक्तिले दरखास्त दिन सक्नुहुन्छ।<br>(निर्धारित समय र सञ्चार प्रणालीमा, कार्यस्थल खानागावा प्रान्त भित्र भएमा दरखास्त दिन सकिन्छ।<br>(प्रवेश परीक्षा विधि) समग्र सार्वजनिक उच्च माध्यमिक विद्यालयले सञ्चालन गर्ने "साझा चयन" र निर्धारित समय प्रणाली (रात्रि) तथा सञ्चार प्रणालीले मात्र सञ्चालन गर्ने "निर्धारित र सञ्चार प्रणाली विभाजित चयन" गरी 2 थरी रहेका छन्। ☛ पृष्ठ 4 |
| निजी उच्च माध्यमिक विद्यालय | - निजी रूपमा स्थापित<br>- उच्च माध्यमिक विद्यालय अनुसार शिक्षाको नीति फरक हुन्छ।<br>(प्रवेश परीक्षा विधि ) उच्च माध्यमिक विद्यालय अनुसार परीक्षा हुने दिन, जाँच हुने विषयवस्तु फरक हुन्छ। निजी उच्च मा.वि. 1 ओटा मात्रको लागि परीक्षा दिन मिल्ने "विशेष दर्खास्त (एकल दरखास्त)" , सार्वजनिक तथा निजी उच्च मा.वि. एउटा एउटाको लागि परीक्षा दिन मिल्ने "संयुक्त दर्खास्त" र धेरै सङ्ख्यामा निजी उच्च मा.वि. का लागि एकैचोटि दिन मिल्ने "ओपन" गरी 3 ओटा परीक्षा विधि छन्।<br>"विशेष दर्खास्त (एकल दरखास्त)" या "संयुक्त दर्खास्त"मा उत्तीर्ण भएको बखतमा, उत्तीर्ण भएको उच्च मा.वि.मा अध्ययन गर्नैपर्ने हुन्छ। छोड्यो भने अन्य उच्च मा.वि.मा परीक्षा दिन नमिल्ने हुन्छ। |

(2) पूर्णकालीन प्रणाली, निर्धारित समय प्रणाली र सञ्चार प्रणाली बीचको फरक

सिकाइको शैली अनुसार 3 प्रकारका पाठ्यक्रमहरू छन्।

| | |
|---|---|
| पूर्णकालीनको पाठ्यक्रम | बिहान 8:40 बजे तिर देखि अपराह्न 3:30 बजे तिर सम्म प्रत्येक दिन कक्षा लिनुपर्ने पाठ्यक्रम हो। दीक्षित हुन तीन वर्ष लाग्छ। |
| निर्धारित समय प्रणालीको पाठ्यक्रम | केही निर्दिष्ट समयावधिमा (बिहान, दिउँसो, राती) कक्षा लिने पाठ्यक्रम, धेरैजसो विद्यालयहरूमा रातीको समयावधि हुन्छ।<br>आफ्नो पाठ्यक्रम बाहेकको समयावधिमा पनि कक्षा लिन सकिने, फ्लेक्जिबल स्कुल भनिने उच्च माध्यमिक विद्यालय पनि छन्।<br>दीक्षित हुन 4 वर्ष लाग्छ तर, विद्यालय अनुसार 3 वर्षमा दीक्षित हुने प्रणाली पनि छ। |

| | |
|---|---|
| सञ्चार प्रणालीको पाठ्यक्रम | पाठ्यपुस्तक र प्रशिक्षण पत्रलाई आधार बनाएर, मूलतः आफ्नो घरमा तयार गरेको रिपोर्ट पेस गरि, परीक्षामा उत्तीर्ण भएर, क्रेडिट हासिल गर्ने पाठ्यक्रम हो।<br>प्रत्येक दिन विद्यालय जानुपर्ने जरूरी हुँदैन। महिनामा 2-3 चोटि सम्म चाहिँ, हाजिर भएर साक्षात्कार मार्गदर्शन (स्कुलिङ्ग) प्राप्त गर्नुपर्ने आवश्यकता हुन्छ।<br>रिपोर्ट तयारको लागि स्कुलिङ्ग लाई कार्यालय खुल्ने दिनमा गरिदिने, इन्टरनेट प्रयोग गरेर पढ्न सकिने उच्च माध्यमिक विद्यालय पनि छन्। |

(3) ग्रेड सिस्टम र क्रेडिट सिस्टम बीचको फरक

क्लास या ग्रेड विभाजन तरिका अनुसार दुई प्रकारका छन्।

| | |
|---|---|
| ग्रेड सिस्टम | ग्रेड अनुसारको धेरैजसो अध्ययन विषयवस्तु (करिकुलम) निर्धारित भएको सिस्टम हो। |
| क्रेडिट सिस्टम | ग्रेडको विभाजन नभइ, आवश्यक क्रेडिट हासिल गरेर दीक्षित हुन सकिने सिस्टम हो। |

(4) सामान्य पाठ्यक्रम र विशिष्टिकृत पाठ्यक्रम, समग्र पाठ्यक्रमको बारेमा

उच्च माध्यमिक विद्यालयहरू, अध्ययनको किसिम अनुसार, पाठ्यक्रमहरू फरक छन्।

खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालयमा निम्न पाठ्यक्रमहरू छन्।

| | |
|---|---|
| सामान्य पाठ्यक्रम | राष्ट्रभाषा, भौगोलिक इतिहास, नागरिक शिक्षा, गणित, विज्ञान, अङ्ग्रेजी लगायतका साझा पाठ्यक्रममा केन्द्रीकृत रहेर अध्ययन गर्ने, सबैभन्दा साधारण पाठ्यक्रम हो।<br>ग्रेड सिस्टम र क्रेडिट सिस्टम हुन्छन्। |
| सामान्य पाठ्यक्रम विशिष्टिकृत कोर्स | सामान्य पाठ्यक्रम भनेको कुनै विशेष क्षेत्र थप गरेर पढाइ हुने विषय हो।<br>योकोहामा नगर स्थापित 'तोचुका उच्च माद्यामिक विद्यालय'मा सामान्य पाठ्यक्रम अन्तर्गतको सङ्गीत कोर्स रहेको छ।<br>क्रेडिट सिस्टम हुन्छ। |
| विशिष्टिकृत पाठ्यक्रम | कृषि, उद्योग, वाणिज्य, मत्स्य पालन, घरबार,<br>नर्सिङ, कल्याण, विज्ञान, शारिरीक शिक्षा, सङ्गीत, कला, अन्तर्राष्ट्र, अन्तर्राष्ट्रिय सम्बन्ध, समग्र उद्योग, रङ्गमञ्च कलाकारिता सम्बन्धी पाठ्यक्रम रहेकोले, व्यावसायिक ज्ञान तथा प्रविधिको आधार अध्ययन हुनेछ।<br>ग्रेड सिस्टम र क्रेडिट सिस्टम हुन्छन्। |
| समग्र पाठ्यक्रम | सामान्य पाठ्यक्रमको विषय र विशिष्टिकृत पाठ्यक्रमको विषयबाट आफूलाई विशेष लाग्ने विषय चयन गरेर पढ्न सकिने पाठ्यक्रम हो।<br>क्रेडिट सिस्टम हुन्छ। |

प्रवेश परीक्षाको बेलामा निम्न कुराहरू पुष्टि गरिराख्नु होला

## 2 प्रवेश परीक्षा सम्मको तालिका (नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको अवस्था अनुसार परिवर्तन हुन सक्नेछ।)

जापानको माध्यमिक विद्यालय दिक्षित भएको अथवा दिक्षित हुने योजना भएको व्यक्ति

प्रवासबाट विद्यालय शिक्षामा हुने नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्ति

**2022 साल सेप्टेम्बर देखि नोभेम्बर**

"जापानी भाषा मातृभाषा नभएका व्यक्तिहरूको लागि उच्च माध्यमिक विद्यालय प्रवेश गाइडान्स"
*खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना हुने व्यक्ति चयन सम्बन्धी जानकारीलाई ME-net (मि-नेट) वेबसाइट मार्फत प्रदान गरिने छ।
https://hsguide.me-net.or.jp

**2022 साल अक्टोबर अन्तिम**

सार्वजनिक उच्च माध्यमिक विद्यालयको भर्ना सिट सङ्ख्या खानागावा केन क्योइकु इइन खाइ (खानागावा प्रान्तीय शिक्षा परिषद्) को होमपेज वा पत्रपत्रिकाबाट घोषणा गरिनेछ।

**2022 साल डिसेम्बर देखि**

माध्यामिक विद्यालयमा साक्षात्कार मिटिङ्ग आदि गरेर, उच्च माध्यमिक विद्यालय प्रवेश परीक्षाको पुष्टि गरिन्छ।"सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि" माध्यमिक विद्यालय मार्फत आवेदन गरिन्छ।(☞पृष्ठ 16)

डिसेम्बर 3 तारिख शनिबारको "प्रान्तीय शिक्षा परिषद्को वर्णन सभा" मा उपस्थित हुनुहोला।(☞पृष्ठ 9)
"सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि" वर्णन पनि गरिनेछ। (☞पृष्ठ 16)

**2023 साल जनवरी देखि साझा चयन र विशेष भर्ना (*1) समय तालिका आदि ☞पृष्ठ 4**

**क** : प्रवेश परीक्षा हुने उच्च माध्यमिक विद्यालय (1 ओटा) मा विद्यालय भर्नाको लागि अनुरोध पत्र पेश गर्ने।
**ख** : दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने।
**ग** : शैक्षिक क्षमता जाँच या अन्तर्वार्ता लगायतका जाँच लिइने।
**घ** : उत्तीर्ण व्यक्तिको घोषणा हुन्छ।

साझा चयन र विशेष भर्ना एवम् निजी उच्च माध्यमिक विद्यालय आदिमा पास भएको व्यक्तिले, निर्धारित समय प्रणाली र सञ्चार प्रणाली विभागको चयन र दोस्रो चोटिको भर्ना (※2) मा दरखास्त दिन मिल्दैन।

**2023 साल मार्चदेखि निर्धारित र सञ्चार प्रणाली विभाजित चयन तालिका आदि ☞पृष्ठ 4**

**क** : प्रवेश परीक्षा हुने उच्च माध्यमिक विद्यालय (1 ओटा) मा विद्यालय भर्नाको लागि अनुरोध पत्र पेश गर्ने।
**ख** : दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने।
**ग** : शैक्षिक क्षमता जाँच या अन्तर्वार्ता लगायतका जाँच लिइने।
**घ** : उत्तीर्ण व्यक्तिको घोषणा हुन्छ।

*1 विशेष भर्ना: "प्रान्त निवासी विदेशी आदिका विशेष भर्ना" (20 ओटा विद्यालयमा भर्ना), "विदेशबाट फर्केका विद्यार्थीका विशेष भर्ना" (8 ओटा विद्यालयमा भर्ना) दरखास्त योग्यता (☞पृष्ठ 5)

*2 दोस्रो चोटिको भर्ना, पूर्णकालीन, निर्धारित समय प्रणाली (राती बाहेक) भएका उच्च माध्यमिक विद्यालयको हकमा, साझा चयनबाट भर्ना सिट क्षमता नभरिएको उच्च माध्यमिक विद्यालयमा आवश्यकता हेरेर मार्चको प्रारम्भमा आयोजना गरिन्छ। निर्धारित र सञ्चार प्रणाली विभाजित चयन भन्दा भिन्दै समय तालिका अनुसार आयोजना गरिनाले, दुवै तर्फ दरखास्त गर्न सकिन्छ। साथै, निर्धारित समय प्रणाली (राती) र सञ्चार प्रणालीको उच्च माध्यमिक विद्यालयको हकमा, निर्धारित र सञ्चार प्रणाली विभाजित चयनबाट सिट क्षमता नभरिएको उच्च माध्यमिक विद्यालयमा आवश्यकता हेरेर मार्चको अन्तमा आयोजना गरिन्छ।

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको कारणले लिइने थप अतिरिक्त जाँच सम्बन्धमा ☞पृष्ठ 10

## 3 सार्वजनिक उच्च माध्यमिक विद्यालयको भर्ना हुने विद्यार्थी चयनको सारांश र तालिका

(नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको अवस्था अनुसार परिवर्तन हुन सक्नेछ।)

आर्थिक वर्ष 2023 खानागावा प्रान्तीय सार्वजनिक उच्च माध्यामिक विद्यालय नवप्रवेशी विद्यार्थी चयन तालिका

जनवरी / फेब्रुअरी

| 25 | 26 | 27 | 28 | 29 | 30 | 31 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | A | A | | | A | A | A | | | | | B | B | B | | | | | | C | C | C | | | | | | D | | | | | | E |

साझा चयन वा विशेष भर्ना आयोजना समयावधि (25 जनवरी – 28 फेब्रुअरी)

मार्च

| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | A | A | | | B | B | | | C | | | C | | | | E | | | | | | | | | | | | | | |

निर्धारित र सञ्चार प्रणाली विभाजित चयन आयोजना समयावधि (2 मार्च – 17 मार्च)

**A**: आवेदन कागजात पेस **B**: दरखास्त परिवर्तन समयावधि **C**: जाँच हुने दिन (शैक्षिक क्षमता जाँच या अन्तर्वार्ता) **D**: अतिरिक्त जाँच

**E**: उत्तीर्ण घोषणा

| चयनको प्रकार | पाठ्यक्रम | पूर्णकालीन, निर्धारित समय I (＊) | निर्धारित समय II (＊) | सञ्चार प्रणाली |
|---|---|---|---|---|
| **साझा चयन र विशेष भर्ना** | भर्ना | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 100 % हुनेछन्। | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 80% हुनेछन्। | |
| | दरखास्त | एउटा प्रणाली वा पाठ्यक्रम वा कोर्स आदिमा दरखास्त गर्ने।<br>दरखास्तमा आवेदनपत्र र अन्तर्वार्ता सिट आदि पेस गर्ने। ☞पृष्ठ 6<br>दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने। ☞पृष्ठ 10 | *जनवरी 25 तारिखदेखि 27 तारिखसम्म भने, हुलाकबाट आएको प्राप्त गर्ने अवधि ☞पृष्ठ 10 | |
| | जाँच | शैक्षिक क्षमता जाँच तथा अन्तर्वार्ता ☞पृष्ठ 11<br>विशिष्टता जाँच गर्ने उच्च माध्यमिक विद्यालय पनि छन्। | | अन्तर्वार्ता अथवा निबन्ध लेखन ☞पृष्ठ 11 |
| | छनोट | साधारण भर्ना ☞ पृष्ठ 12 को छनोट विधि हेर्नुहोला।<br>विशेष भर्ना ☞ सर्वेक्षण पत्रलाई प्रयोग नगरि छनोट गरिन्छ। (**) | | सर्वेक्षण पत्र र आयोजना गरिएको जाँचको नतिजालाई आधार बनाएर समग्र रूपले छनोट गरिन्छ। |
| **निर्धारित र सञ्चार प्रणाली विभाजित चयन** | भर्ना | आयोजना गरिँदैन। | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 20% हुनेछन्।<br>तथापि, साझा चयनबाट सिट क्षमता नभरिएको उच्च माध्यमिक विद्यालयको हकमा, नपुगेको व्यक्ति सङ्ख्यालाई भर्ना लिइने व्यक्तिमा थप गरिन्छ। | |
| | दरखास्त | | एउटा प्रणाली, पाठ्यक्रम वा कोर्स आदिमा दरखास्त गर्ने।<br>दरखास्तमा आवेदनपत्र र अन्तर्वार्ता सिट आदि पेस गर्ने। ☞पृष्ठ 6<br>दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने।☞पृष्ठ 15 | |
| | जाँच | | शैक्षिक क्षमता जाँच र अन्तर्वार्ता ☞पृष्ठ 15<br>विशिष्टता जाँच गर्ने उच्च माध्यमिक विद्यालय पनि छन्। | अन्तर्वार्ता अथवा निबन्ध लेखन ☞पृष्ठ 15 |
| | छनोट | | ☞पृष्ठ 12 को छनोट विधि हेर्नुहोला। | सर्वेक्षण पत्र र आयोजना गरिएको जाँचको नतिजालाई आधार बनाएर समग्र रूपले छनोट गरिन्छ। |

＊ निर्धारित समय प्रणाली I ・・・ राती बाहेकको निर्धारित समय प्रणाली उच्च माध्यमिक विद्यालय

(प्रान्तीय योकोहामा आकिरातोमो उच्च माध्यमिक विद्यालय, प्रान्तीय खावासाकी उच्च माध्यमिक विद्यालय, प्रान्तीय आचुगी सेइनान उच्च माध्यमिक विद्यालय, प्रान्तीय सागामी कोयोखान उच्च माध्यमिक विद्यालय, योकोहामा नगर योकोहामा सोगो (समग्र) उच्च माध्यमिक विद्यालय, कावासाकी नगर खावासाकी उच्च माध्यमिक विद्यालय

निर्धारित समय प्रणाली II ・・・ निर्धारित समय प्रणाली I बाहेक रातीको निर्धारित समय प्रणाली उच्च माध्यमिक विद्यालय)

** प्रान्तीय सागामि-हारा याएइ उच्च मा.विमा विदेशबाट फर्केका विद्यार्थी विशेष, प्रान्तीय योकोहामा क्योकुर्योउ उच्च मा.वि आदिको विशेष भर्नाहरूमा सर्वेक्षण पत्रलाई प्रयोग गरिनेछ।

# 4 दरखास्त योग्यता र आवेदनका लागि आवश्यक पर्ने कागजात आदि

(1) दरखास्त योग्यता

सामान्य भर्नाका लागि दरखास्त योग्यता

| दरखास्त दिने उच्च माध्यमिक विद्यालय | दरखास्त योग्यता |
|---|---|
| पूर्णकालीनको सामान्य भर्ना | तलका A B C सबै भित्र पर्ने व्यक्ति<br>A 2008 साल अप्रिल 1 तारिख भन्दा पहिले जन्मिएका व्यक्ति<br>B माध्यमिक विद्यालय अथवा विदेशको विद्यालय शिक्षामा नवौँ वर्षको पाठ्यक्रममा दीक्षित भएको व्यक्ति, अथवा, 2023 साल मार्च 31 तारिख सम्ममा दीक्षित हुने योजना भएको व्यक्ति<br>C मूल व्यक्ति र अभिभावक खानागावा प्रान्तमा बसोबास गरिरहेको, अथवा, 2023 साल अप्रिल 1 तारिख सम्ममा खानागावा प्रान्तमा सर्ने योजना भएको व्यक्ति |
| निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीको सामान्य भर्ना | A B सहित, D भित्र पर्ने व्यक्ति<br>D खानागावा प्रान्तमा बसोबास गरिरहेका मानिस, अथवा, 2023 साल अप्रिल 1 तारिख सम्ममा खानागावा प्रान्तमा सर्ने योजना भएको मानिस (कार्यस्थल खानागावा प्रान्तमा भएपनि हुने) |

विशेष भर्नाको लागि दरखास्त योग्यता

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना<br><br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय<br>पूर्णकालीन 16 ओटा<br>निर्धारित समय प्रणाली 4 ओटा<br>☞पृष्ठ 13) | A B C (निर्धारित समय प्रणालीको हकमा A B D) सहित, E र F भित्र पर्ने व्यक्ति<br>E देश प्रवेश पछिको बसोबास अवधि 2023 साल फेब्रुअरी 1 तारिखमा कुल 6 वर्ष भित्र पर्ने व्यक्ति (प्राथमिक विद्यालय प्रवेश अगाडिको बसोबास अवधि बाहेक)<br>F विदेशी नागरिकता भएको व्यक्ति, अथवा, जापानको नागरिकता लिएको 6 वर्ष भित्रको व्यक्ति (2023 साल फेब्रुअरी 1 तारिखमा) |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना<br><br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय<br>पूर्णकालीन 8 ओटा<br>☞पृष्ठ 14) | A B C सहित, G भित्र पर्ने व्यक्ति<br>G अभिभावकको जागिर आदिको कारणले गर्दा, लगातार 2 वर्ष भन्दा बढी विदेशमा बसोबास गरेर, स्वदेश फर्केको दिन 2020 साल अप्रिल 1 तारिख भन्दा पछि भएको व्यक्ति |

(2) आवेदनको लागि आवश्यक कागजात आदि

सामान्य भर्ना

| | |
|---|---|
| सामान्य भर्ना | 1) विद्यालय प्रवेश आवेदनपत्र<br>2) प्रवेश परीक्षा शुल्क (*1)<br>*1 गत आर्थिक वर्षमा पूर्णकालीन 2,200 येन<br>निर्धारित समय प्रणाली 950 येन (तथापि, योकोहामा नगरको निर्धारित समय प्रणालीको हकमा 650 येन)<br>सञ्चार प्रणाली 0 येन<br>3) सर्वेक्षण पत्र आदि (माध्यमिक विद्यालयद्वारा पेस (*2)<br>*2 विदेशबाट विद्यालय शिक्षामा हुने नौं वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्ति या, 18 वर्ष वा सो (2023 साल अप्रिल 1 तारिखमा) भन्दा बढी उमेर भएको व्यक्तिले पेस गर्नु पर्दैन।<br>4) विविध (अन्तर्वार्ता सिट लगायतका आफुले आवेदन गर्न लागेको उच्च माध्यमिक विद्यालयले तोकेको कागजपत्र) |

विशेष भर्ना

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना | 1) 2) 3) 4) सहित<br>5) विदेशी नागरिकता भएको, अथवा, जापानको नागरिकता प्राप्त गरेको 6 वर्ष भित्र भएको प्रमाणित हुने कागजात<br>6) जापानमा प्रवेश गरेको कुल 6 वर्ष भित्र भएको प्रमाणित हुने कागजात (राहदानी आदि) |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना | 1) 2) 3) 4) सहित<br>7) अभिभावकको जागिर आदिको कारणले, लगातार 2 वर्ष भन्दा बढी विदेशमा बसोबास गरेको कुरा प्रमाणित हुने कागजात (*3)<br>8) स्वदेश फर्केको 2020 साल अप्रिल 1 तारिख वा सो भन्दा पछि भएको कुरा प्रमाणित हुने कागजात (*3)<br>*3 कम्पनीको प्रमाणपत्र अथवा अभिभावक र मूल व्यक्तिको राहदानी आदि |

○ उही उच्च माध्यमिक विद्यालयमा 2 ओटा भन्दा बढी कक्षा (बिहानी कक्षा, दिवा कक्षा) भएको निर्धारित समय प्रणाली विद्यालयमा, भर्ना आवेदन भर्दा दुईओटा विकल्प सम्म भर्न सकिन्छ। साथै, कृषि, उद्योग, व्यापार एवम् जल तथा मत्स्य सम्बन्धित पाठ्यक्रम मध्येबाट, 2 ओटा भन्दा बढी पाठ्यक्रम भएको विशिष्टिकृत पाठ्यक्रम भएका विद्यालयमा पनि, आवेदनपत्रमा दुईओटा विकल्प सम्म भर्न सकिन्छ। तथापि, प्रथम विकल्पबाट निर्धारित सिट नभरिएमा मात्र द्वितीय विकल्पबाट छनौट प्रक्रिया गरिन्छ।

साथै, प्रान्त स्थापित योकोहामा अन्तर्राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा भने, अन्तर्राष्ट्रिय पाठ्यक्रम (अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्ष बाहेक) एवम् अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्ष सम्बन्धमा, भर्ना आवेदन पत्रमा द्वितीय विकल्प सम्म लेख्न सकिन्छ।

## 5 सार्वजनिक उच्च माध्यमिक विद्यालयको प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्कको छुट वा माफी प्रणाली बारेमा

○ प्रवेश परीक्षा शुल्क र भर्ना शुल्कको छुट वा माफी प्रणाली भन्नाले

आर्थिक कारणले प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्क (भर्ना रकम) को भुक्तानी गर्न अप्ठ्यारो परेको व्यक्तिलाई लक्षित गर्दै, प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्कको पुरै भाग अथवा आंशिक भाग माफी दिने प्रणाली हो। (विद्यालय भर्ना शुल्क☞पृष्ठ 17)

○ निवेदन विधि

दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्षमा परामर्श गर्नुहोला। माफीको निवेदन प्रक्रियाको समयसीमा,

प्रवेश परीक्षा शुल्क … विद्यालय भर्ना आवेदनपत्र पेस गर्ने दिनको अघिल्लो दिन सम्म

भर्ना शुल्क … विद्यालय भर्ना प्रक्रिया गर्ने दिनको अघिल्लो दिन सम्म (उत्तीर्ण घोषणा पछि, केही दिन भित्र)

(★ समयसीमा नाघेको अवस्थामा, माफी पाइने छैन।)

(सोधपुछ ठेगाना)

दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्ष, अथवा

प्रान्तीय शिक्षा परिषद्, वित्त शाखा, वित्तिय निर्देशन समूह 045 - 210 – 8113 (प्रत्यक्ष लाइन जापानी भाषामा)

## 6 सर्वेक्षण पत्रका बारेमा ***आर्थिक वर्ष 2023 देखि नयाँ ढाँचा भएको छ***

सर्वेक्षण पत्र माध्यमिक विद्यालयमा तयार गरिएको, विद्यालय भर्ना हुने व्यक्ति चयनमा छनोटको सामग्री बन्ने महत्वपूर्ण कुरा हो।

第11号様式　令和４年度卒業（見込）者用　　**調　査　書**　नमुना　　※ 受検番号

| 志願先高等学校 | ○○○○　立　○○○　高等学校 |
|---|---|
| | ○○　科　（コース・部） |

| 学籍の記録 | | | | |
|---|---|---|---|---|
| フリガナ | ○○○○　○○○○ | 性別 | 入学年月 | 平成・令和 ○ 年 4 月 ○○○○ 中学校 第 学年 入学・編入学 |
| 氏名 | ○○　○○ | ○ | 転入学年月 | 平成・令和 年 月 中学校 第 学年 転入学 |
| 生年月日 | 平成 ○○ 年 ○ 月 ○ 日生 | | | |
| 現住所 | ○○市○○町 ○○丁目○番○号 ○○マンション○○ | | 卒業年月 | 令和 ○ 年 3月 同 中学校 卒業見込・卒業 |

**各教科の学習の記録**

| 教科 | 観点別学習状況 | 2年 評価 | 2年 評定 | 3年 評価 | 3年 評定 |
|---|---|---|---|---|---|
| 国語 | 知識・技能 | A | 4 | B | 3 |
| | 思考・判断・表現 | B | | B | |
| | 主体的に学習に取り組む態度 | A | | B | |
| 社会 | 知識・技能 | B | 3 | A | 4 |
| | 思考・判断・表現 | | | B | |
| | 主体的に学習に取り組む態度 | | | A | |
| 数学 | 知識・技能 | | 2 | B | 3 |
| | 思考・判断・表現 | | | B | |
| | 主体的に学習に取り組む態度 | C | | B | |
| 理科 | 知識・技能 | A | 4 | A | 5 |
| | 思考・判断・表現 | B | | A | |
| | 主体的に学習に取り組む態度 | | | A | |
| 音楽 | 知識・技能 | | 3 | B | 4 |
| | 思考・判断・表現 | | | A | |
| | 主体的に学習に取り組む態度 | | | A | |
| 美術 | 知識・技能 | | 4 | B | 4 |
| | 思考・判断・表現 | A | | A | |
| | 主体的に学習に取り組む態度 | A | | A | |
| 保健体育 | 知識・技能 | A | 5 | A | 5 |
| | 思考・判断・表現 | A | | A | |
| | 主体的に学習に取り組む態度 | A | | A | |
| 技術・家庭 | 知識・技能 | A | 5 | A | 5 |
| | 思考・判断・表現 | A | | A | |
| | 主体的に学習に取り組む態度 | A | | A | |
| 外国語（英語） | 知識・技能 | A | 4 | A | 4 |
| | 思考・判断・表現 | B | | B | |
| | 主体的に学習に取り組む態度 | A | | A | |
| 小計 ※ | | | | (×2.0) | |
| 計 ※ | | | | | |

**総合的な学習の時間の記録**

| 学年 | 学習活動の内容 | 活動状況及び所見 |
|---|---|---|
| 2年 | 身近な……える。 | |
| 3年 | 地域に住む様々な国の人々を知る。 | 地域に住む諸外国の人々へのインタビューをもとに、それぞれの国の文化や、日本で暮らして感じていること等をまとめ、発表した。 |

**総合所見及び諸活動の記録**

……活動等の記録

美化委員……
旅行委員……
体育祭実行……
バスケット……

**行動の記録及び所見**

明朗……
できる。……
体育……
手なク……
た。
3年……
プテン……
の時は……

本書の記載事項に誤りのないことを証明する。

令和 ○ 年 ○ 月 ○ 日

中学校名　○○○○ 中学校

校長氏名　○○　○○　印

記載者氏名　△△　△△　印

1) प्रत्येक विषयको फरक दृष्टिकोणको मूल्याङ्कनलाई 3 चरणमा उल्लेख गरिन्छ।

2) तेस्रो ग्रेडको डिसेम्बरको अन्त सम्मको प्रत्येक विषयको समग्र मूल्याङ्कनलाई 5 चरणमा उल्लेख गरिन्छ।

3) दोस्रो ग्रेडको पुरै वर्षको प्रत्येक विषयको समग्र मूल्याङ्कनलाई 5 चरणमा उल्लेख गरिन्छ।

4) समग्र सिकाइको समयको रेकर्ड बारेमा उल्लेख गरिन्छ।

5) माध्यमिक स्तरको 3 वर्षे अध्ययनकालमा गरिने, कक्षाको गतिविधि, विद्यार्थी परिषद्को गतिविधि, विद्यालयका कार्यक्रमहरू, अतिरिक्त क्रियाकलापमा सम्बद्धता राख्ने आदि बारेमा उल्लेख गरिन्छ।

6) माध्यमिक स्तरको 3 वर्षे अध्ययनकालमा गरिने, विद्यालय जीवनको समग्र गतिविधिको स्थिति या उत्कृष्ट गतिविधि बारेमा, मूलभूत तथ्यमा आधारित रहेर उल्लेख गरिन्छ।

## 7 अन्तर्वार्ता सिट बारेमा

अन्तर्वार्ता सिट प्रवेश परीक्षार्थीले आफ्नो सोचाइलाई आफैँले लेखेर, आवेदन दिने बेलामा विद्यालय भर्ना आवेदनपत्र सँगै पेस गर्नुपर्छ। अन्तर्वार्ताको बेलाको सन्दर्भ सामग्रीमा, लेखिएको विषयवस्तु बारेमा मूल्याङ्कन हुँदैन।

第 14 号様式

面　接　シ　ー　ト

| ※受　検<br>番　号 | |
|---|---|

| | | | |
|---|---|---|---|
| 志願者<br>氏　名 | ﾌﾘｶﾞﾅ | 中学校名 | 立　　　　中学校 |
| 志願先 | （県・市）立　　　　高等学校　　　　科　　　　コース<br>部 | | |

◎　面接の質問内容の参考とするため、次のことについて記入してください。2、3については、取組み内容も含めて記入してください。
◎　このシートは面接の際の参考資料で、直接に選考資料にはしません。

1　なぜこの学校に入学したいのですか。

"1 किन यो विद्यालयमा पढ्न चाहनुहुन्छ?" मा, तपाईँले दरखास्त दिने उच्च माध्यामिक विद्यालयमा पढ्न चाहनुभएको कारण या, विद्यालय भर्ना पछिको विद्यालय जीवनबाट आफ्नो रुचि वा चासो या तत्परतालाई उपयोग गर्दै कस्तो खालको कुराको प्रयास गर्दै जान चाहनुहुन्छ आदि बारेमा उल्लेख गर्नुहोला।

2　中学校での教科等の学習活動に対して、どのような意欲をもって取り組みましたか。

"2 माध्यमिक विद्यालयको पाठ्यक्रम आदिको सिकाइ गतिविधि प्रति, कस्तो खालको तत्परता बोकेर प्रयास गर्नुभयो?" मा, तपाईँले माध्यमिक विद्यालयको अध्ययनमा मेहनत गरेको कुरा या रुचि या चासो लिएर तत्परता देखाएर प्रयास गर्नुभएको कुरा आदिको बारेमा उल्लेख गर्नुहोला।

3　中学生のときに教科等以外の活動に対して、どのような意欲をもって取り組みましたか。
（学校外の取組みでも構いません。）

"3 माध्यमिक तहको विद्यार्थी रहेको बेलामा पाठ्यक्रम आदि बाहेकको गतिविधि प्रति, कस्तो खालको तत्परता देखाएर प्रयास गर्नुभयो?" मा, तपाईँले माध्यमिक तहको विद्यार्थी रहेको बेलामा प्रवेश गरेको अतिरिक्त क्रियाकलाप या समिति आदिको गतिविधिमा मेहनत गरेको कुरा या, स्वयंसेवक गतिविधि आदि विद्यालय बाहेकको प्रयासमा मेहेनत गरेको करा बारेमा उल्लेख गर्नहोला।

4　自分自身のよいところはどのようなところだと考えていますか。

"4 आफ्नो असल पक्ष के हो भन्ने सोच्नुहुन्छ?" मा, अन्तरवार्ताको बेलामा सन्दर्भ सामग्री हुने हिसाबले,"आफुमा यस्तो यस्तो खालको असल पक्ष छ जस्तै...." भनेर तपाईंको आफ्नो विशेषता या राम्रा पक्षका बारेमा उल्लेख गर्नुहोला।

【記入上の注意】1　※の欄は記入
2　枠内に自筆で記

उल्लेख गर्ने बेलामा निम्न कुरामा ध्यान पुर्याउनुहोला
1 ※ भएको स्तम्भमा नलेख्ने।
2 बक्स भित्र कुनै चिन्ह नलगाउने। सिसाकलमले लेखेपनि हुने। फोटो आदि टाँस्न नहुने।

## 8 विदेशमा हुने विद्यालय शिक्षामा नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया

**(नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको अवस्था अनुसार परिवर्तन हुन सक्नेछ।)**

दरखास्त योग्यताको अनुमोदन प्राप्त गर्ने प्रक्रिया आवश्यक हुन्छ। निम्न वर्णन सभामा सहभागि हुनुहोला।

शिक्षा परिषद् द्वारा प्रायोजित वर्णन सभा (अन्य प्रान्त वा विदेशी नागरिक प्रति लक्षित। दोभाषे उपलब्ध)

डिसेम्बर 3 तारिख शनिवार 14:00 बजेदेखि तोचुका कोउखाइदोउमा नक्सा☞ **P.14**

योकोहामा-सि तोचुका-कु तोचुका-च्योउ 127

"तोचुका ट्रेन स्टेशन पश्चिमीद्वारबाट पैदल 8 मिनेट

*यो वर्णन सभामा, दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदन स्वीकार गरिने छ। आवेदन दिने महानुभावले तलको 1 नम्बरदेखि 3 नम्बरसम्मको आवश्यक कागजात लिएर आउनुहोला। विद्यालय भर्ना आवेदनपत्र जस्ता कागजातहरू वर्णन सभामा वितरण गरिने छ।

↑नक्शा डिस्प्ले हुन्छ।

★ हाल खानागावा प्रान्तको सार्वजनिक माध्यमिक विद्यालयमा नामाङ्कित भएको व्यक्तिले, सहभागि हुन नमिल्ने।

*नवीनतम जानकारीको लागि ME-netको वेबसाइट हेर्नुहोला। (https://hsguide.me-net.or.jp)

○ प्रक्रियाको विधि

(अभिभावक सँगसँगै प्रान्त भित्र बसोबास गरिरहेको व्यक्ति (पूर्णकालीनको दरखास्त योग्यता भएको व्यक्ति))

डिसेम्बर 3 तारिखको वर्णन सभा अथवा डिसेम्बर 5 तारिख (सोम) देखि जनवरी 16 तारिख (सोम) सम्ममा प्रान्तको शिक्षा परिषद् (कोउकोउ क्योउइकु खा) बाट,"दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदन" दिनुहोला। (नक्शा☞पृष्ठ 19)

(आवश्यक कागजात)

1 प्रान्त भित्र मूल व्यक्ति र अभिभावक बसोबास गरिरहेको, अथवा बसोबास गर्ने योजना भएको सूचित गर्ने कागजात
(मूल व्यक्ति र अभिभावकको ठेगाना एवम् सम्बन्ध बुझिने, बसोबास प्रमाणपत्र आदि)

2 विदेशमा हुने विद्यालय शिक्षामा हुने नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको कुरा सूचित गर्ने कागजात
(विदेशको माध्यमिक विद्यालय दीक्षित भएको प्रमाणपत्र)

3 दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदनपत्र (15 नं. फारम)

* 3 को फारम प्रान्तीय शिक्षा परिषद्को वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ।

खानागावा प्रान्तीय सार्वजनिक उच्च माध्यमिक विद्यालयको दरखास्त योग्यता पुष्टि भएमा "दरखास्त योग्यता अनुमोदन पत्र" हस्तान्तरण गरिन्छ।

दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा, विद्यालय भर्ना आवेदनपत्र सँगै यो अनुमोदन पत्र पेस गर्नुपर्छ।

(अभिभावक प्रान्त भित्र बसोबास नगरिरहेको व्यक्ति (निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीको दरखास्त योग्यता मात्र भएको व्यक्ति))

दरखास्त दिने उच्च माध्यमिक विद्यालयको काउन्टरमा, निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीको लागि दरखास्त योग्यता अनुमोदनको लागि आवेदन (18 नं. फारम) दिनुहोला।

माथि उल्लेख गरिएको (आवश्यक कागजात) लाई, विद्यालय भर्ना आवेदनपत्र सँगै उच्च माध्यमिक विद्यालयमा पेस गर्नुपर्छ। (ठेगाना प्रमाणित हुने कागजात मूल व्यक्तिको मात्र भए हुने।)

★ निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीमा, मूल व्यक्ति प्रान्त भित्र बसोबास गरिरहेको भएमा, अन्यथा, अन्यत्र बसोबास गरिरहेको भएपनि प्रान्त भित्र काम गरिरहेको भएमा, अभिभावक प्रान्त भित्र नबसेको भएपनि दरखास्त योग्यता पाउन सक्छ।

(सोधपुछ जानकारी)

केन् क्योउइकु इइन्खाइ कोउकोउ क्योउइकु खा न्युगाकुस्या सेम्बाचु तेइइन ग्रुप टेलिफोन 045 – 210 - 8084 ［प्रत्यक्ष लाइन जापानी भाषामा］

## 9 सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना हुने विद्यार्थी चयन बारेमा

(1)साझा चयन एवम् विशेष भर्ना

प्रक्रिया एवम् जाँच तालिका (नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको अवस्था अनुसार परिवर्तन हुन सक्नेछ।)

| जाँच र प्रक्रिया | दिन समय | स्थान |
|---|---|---|
| निवेदन कागजात पेस | <पूर्णकालीन/निर्धारित/सञ्चार> जनवरी 25 तारिख (बुध)देखि 27 तारिख (शुक्र) हुलाकबाट आएको प्राप्त गर्ने अवधि (अनिवार्य रूपमा आइपुगेको हुनुपर्ने)<br>* तथापि, प्रान्त भित्र बस्ने विदेशीहरूको विशेष भर्ना एवम् विदेशबाट फर्केका विद्यार्थीको विशेष भर्ना बाहेक। | |
| | (पूर्णकालीन)<br>जनवरी 30 तारिख (सोम) र 31 तारिख (मङ्गल) 9:00 देखि 12:00, 13:00 देखि 16:00<br>फेब्रुअरी 1 तारिख (बुध) 9:00 देखि 12:00<br>(निर्धारित समय प्रणाली＊)<br>जनवरी 30 तारिख (सोम) र 31 तारिख (मङ्गल) 14:00 देखि 19:00<br>फेब्रुअरी 1 तारिख (बुध) 14:00 देखि 16:00<br>(सञ्चार प्रणाली) पूर्णकालीन प्रणाली सरह | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |
| दरखास्त परिवर्तन समयसीमा | (पूर्णकालीन)<br>फेब्रुअरी 6 तारिख (सोम) र 7 तारिख (मङ्गल) 9:00 देखि 12:00, 13:00 देखि 16:00<br>फेब्रुअरी 8 तारिख (बुध) 9:00 देखि 12:00<br>(निर्धारित समय प्रणाली＊)<br>फेब्रुअरी 6 तारिख (सोम) र 7 तारिख (मङ्गल) 14:00 देखि 19:00<br>फेब्रुअरी 8 तारिख (बुध) 9:00 देखि 12:00<br>(सञ्चार प्रणाली) पूर्णकालीन प्रणाली सरह | तल ★ हेर्नुहोला |
| जाँच हुने दिन | शैक्षिक क्षमता जाँच : फेब्रुअरी 14 तारिख (मङ्गल)<br>अन्तर्वार्ता र विशेष क्षमता जाँच आदि : फेब्रुअरी 14 तारिख (मङ्गल), फेब्रुअरी 15 तारिख (बुध) र 16 तारिख (बिही)<br>* माथि उल्लेखित समयावधि भित्र, प्रवेश पत्रमा लेखिएको दिन<br>अतिरिक्त जाँच **: फेब्रुअरी 22 तारिख (सोम) थप अतिरिक्त जाँच ***: मार्च 9 तारिख (बिही) | दरखास्त दिने उच्च माध्यमिक विद्यालय आदि |
| उत्तीर्ण घोषणा<br>उत्तीर्ण प्रमाणपत्र प्राप्त गर्ने | <पूर्णकालीन/निर्धारित/सञ्चार> फेब्रुअरी 28 तारिख (मङ्गल) (*घोषण भने Web मार्फत गरिने छ।)<br>उत्तीर्ण कागजात लिनको लागि दरखास्त दिएको उच्च मा.विले तोकेको समयमा जानुपर्छ। | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |

＊निर्धारित समय प्रणालीको, खानागावा प्रान्तीय योकोहामा मेइहो उच्च माध्यमिक विद्यालय,खानागावा प्रान्तीय सागामी कोयोखान उच्च माध्यमिक विद्यालय र योकोहामा नगरीय योकोहामा सोउगोउ (समग्र) उच्च माध्यमिक विद्यालय गरि 3 ओटा विद्यालयको लागि पूर्णकालीन प्रणाली सँगैको समयमा आयोजना गरिन्छ।

**इन्फ्लुएन्जा लागेको आदि टार्न नमिल्ने परिस्थितिले जाँच दिन नपाउने व्यक्ति प्रति अतिरिक्त जाँचको व्यवस्था हुनेछ।

***नयाँ कोरोना भाइसको सङ्क्रमण भएको अथवा कन्ट्याक ट्रेसिङमा परेर, साझा चयन अन्तर्गत लिइने शैक्षिक क्षमता जाँच एवम् अतिरिक्त जाँचहरू दिन नसकेका परीक्षार्थीलाई दायरामा पारेर
थप अतिरिक्त जाँच लिइने छ। → <u>उत्तीर्ण घोषणा: मार्च 15 तारिख (बुध)</u>

★ दरखास्त परिवर्तन बारेमा

- 1 पटक मात्रै, दरखास्त दिने उच्च माध्यमिक विद्यालय परिवर्तन गर्न सकिन्छ।
- दरखास्त परिवर्तनका लागि, तलका 2 ओटा प्रक्रिया आवश्यक हुन्छ।
    1) सर्वप्रथम, पहिलो दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर प्रक्रिया गरेर, कागजात प्राप्त गर्नुपर्छ। (नोट : नयाँ आवेदनपत्र बनाउनु पर्ने हुनसक्छ। काउन्टरमा गएर बुझ्नुहोला।)
    2) 1)मा प्राप्त गरेको कागजात, नयाँ दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर पेस गर्नुपर्छ। (ध्यान दिनुपर्ने : धेरैजसो अवस्थामा, पुनः अन्तर्वार्ता सिट पेस गरिन्छ।)

सामान्य भर्नाको लागि जाँच गर्नुपर्ने विषयवस्तु

| | |
|---|---|
| पूर्णकालीन | 1) "शैक्षिक क्षमता जाँच" हुन्छ। (अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित, विज्ञान, सामाजिक गरि 5 विषय*)<br>तथापि, "क्रिएटिभ स्कुल" *को हकमा, शैक्षिक क्षमता जाँच हुँदैन।<br>2) "अन्तर्वार्ता" हुन्छ।<br>3) "विशिष्टता जाँच" स्वरूप, व्यवहारिक जाँच, आफुलाई प्रस्तुत गर्ने जाँच हुने उच्च माध्यमिक विद्यालय पनि छन्<br>( "विशिष्टता जाँच" हुने अवस्थामा, शैक्षिक क्षमता जाँचलाई 3 ओटा विषयमा घटाउने पनि गरिन सक्छ।) |
| निर्धारित समय प्रणाली | 1) "शैक्षिक क्षमता जाँच" हुन्छ। ( अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>2) "अन्तर्वार्ता" हुन्छ।<br>3) "विशिष्टता जाँच" स्वरूप, व्यवहारिक जाँच, आफुलाई प्रस्तुत गर्ने जाँच हुने उच्च माध्यमिक विद्यालय पनि छन् |
| सञ्चार प्रणाली | 1) "अन्तर्वार्ता" अथवा "निबन्ध लेखन" हुन्छ। |

*"क्रिएटिभ स्कुल" (प्रान्तीय ताना उच्च माध्यमिक विद्यालय, प्रान्तीय कामारिया उच्च माध्यमिक विद्यालय, प्रान्तीय योकोसुका दक्षिण उच्च माध्यमिक विद्यालय(सामान्य पाठ्यक्रम)、प्रान्तीय ओओइ उच्च माध्यमिक विद्यालय, प्रान्तीय यामातो हिगासि उच्च माध्यमिक विद्यालय गरी 5 विद्यालय)

विशेष भर्नाको लागि जाँच गर्ने विषयवस्तु

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदि विशेष भर्ना | पूर्णकालीन 16 ओटा र निर्धारित समय प्रणाली 4 ओटा (☞पृष्ठ 13)<br>1) "शैक्षिक क्षमता जाँच" हुन्छ। (अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>＊शैक्षिक क्षमता जाँच, रुबी (खान्जी माथि हिरागाना) भएको जापानी भाषामा प्रश्न गरिन्छ।<br>2) "अन्तर्वार्ता" हुन्छ। |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना | पूर्णकालीन 8 विद्यालय (☞पृष्ठ 14)<br>1) "शैक्षिक क्षमता जाँच" हुन्छ। ( अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>2) "निबन्ध लेखन" र "अन्तर्वार्ता" हुन्छ।<br>*प्रान्त स्थापित योकोहामा अन्तर्राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा, अन्तर्राष्ट्रिय पाठ्यक्रम अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्ष अन्तर्गत भने, "भिन्न जाँच" लिइन्छ। |

नोट 1) 「भर्ना गाइड」 (जापानी भाषाको पुस्तिका प्रान्तीय शिक्षा परिषद् द्वारा जारी प्रान्त भित्रको सार्वजनिक माध्यमिक विद्यालय तेस्रो ग्रेडकालाई जुलाइमा वितरण गरिने) मा प्रत्येक उच्च माध्यमिक विद्यालयको "शैक्षिक क्षमता जाँच" को विषय सङ्ख्या या「विशिष्टता जाँच」को विषयवस्तु लेखिएको छ।

नोट 2) साझा चयन या निजी उच्च माध्यमिक विद्यालय आदि उत्तीर्ण व्यक्तिले, निर्धारित र सञ्चार प्रणाली विभाजित चयन (☞पृष्ठ 15) को लागि दरखास्त दिन मिल्दैन।

* विद्यालय भर्ना फिर्ता लिएपनि दरखास्त दिन मिल्दैन।

नोट 3) हरेक विषयमा 50 मिनेटको शैक्षिक क्षमता जाँच हुन्छ। सामान्य भर्ना अन्तर्गतको विशेष प्रवेश परीक्षा विधिको चाह राख्ने भए, प्रक्रिया अपनाउन आवश्यक पर्छ। (☞पृष्ठ 16) पूर्णकालीन र निर्धारित समय प्रणालीको शैक्षिक क्षमता जाँचको प्रश्न फरक हुन्छ।

सामान्य भर्नाको लागि चयन विधि (उत्तीर्ण व्यक्ति निर्णय गर्ने तरिका)

① छनोटको सामग्री

विशिष्टता जाँच हुने विद्यालय

| A माध्यमिक विद्यालयको परिणाम (सर्वेक्षण पत्रको मूल्याङ्कन) | B शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क | C अन्तर्वार्ताको प्राप्ताङ्क | D विशिष्टता जाँचको प्राप्ताङ्क |
|---|---|---|---|
| माध्यमिक विद्यालय 2 वर्षको 5 चरण मूल्याङ्कनको कुल (पूर्णाङ्क 45) + माध्यमिक विद्यालय 3 वर्षको 5 चरण मूल्याङ्कनको कुलको दुई गुणा (90 पूर्णाङ्क) | शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क (प्रत्येक विषय पूर्णाङ्क 100) | अन्तर्वार्ताको प्राप्ताङ्क | विशिष्टता जाँचको प्राप्ताङ्क |

* प्रत्येक विद्यालयको अनुपात या, कुनै एक विषयलाई प्राथमिकता दिने विद्यालयको नाम, "भर्ना गाइड" आदिमा प्रकाशित गरिनेछ।

ABC (विशिष्टता जाँच हुने विद्यालयमा D समेत) को प्राप्ताङ्क प्रत्येकलाई पूर्णाङ्क 100 मा रूपान्तरण

⇩

| A माध्यमिक विद्यालयको निष्पादन →a (पूर्णाङ्क 100) | B शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क →b (पूर्णाङ्क 100) | C अन्तर्वार्ताको प्राप्ताङ्क →c (पूर्णाङ्क 100) | D विशिष्टता जाँचको प्राप्ताङ्क →d (पूर्णाङ्क 100) |
|---|---|---|---|

⇩

कुल सङ्ख्यात्मक मान $S = a \times f + b \times g + c \times h + d \times i$

(***f, g, h, i** ले अनुपात जनाउँछ।)

अनुपात ( f : g : h : i ) को उदाहरण

A उच्च माध्यमिक विद्यालयको हकमा, माध्यमिक विद्यालयको निष्पादनलाई प्राथमिकता दिएर (6:2:2), विशिष्टता जाँचको छुट्टै जाँच नहुने

B उच्च माध्यमिक विद्यालयको हकमा, शैक्षिक क्षमता जाँचलाई प्राथमिकता दिएर (3:5:2), विशिष्टता जाँचको छुट्टै जाँच नहुने

C उच्च माध्यमिक विद्यालयको हकमा, अन्तर्वार्ता र विशिष्टता जाँचको छुट्टै जाँचलाई प्राथमिकता दिएर (3:3:4:4)

② उत्तीर्ण हुने व्यक्ति निर्णय गर्ने तरिका

जाँच समापन पछि, प्रत्येक विद्यालयमा उत्तीर्ण हुने व्यक्तिको निर्णय गर्ने सम्मेलन गरेर, पहिलो प्रारम्भिक छनोट, दोस्रो प्रारम्भिक छनोट गरि क्रमबद्ध रूपले उत्तीर्ण हुने व्यक्ति निर्णय गरिन्छ।

| | |
|---|---|
| पहिलो प्रारम्भिक छनोट | कुल प्राप्ताङ्क **S** उच्च भएको क्रममा सिट क्षमताको 90% सम्म छनोट गरिन्छ। |
| दोस्रो प्रारम्भिक छनोट | सर्वेक्षण पत्रको मूल्याङ्कन a प्रयोग नगरिकन, b र c (विशिष्टता जाँच हुने विद्यालयमा d समेत) मा, कुल प्राप्ताङ्क **S** लाई पुनः गणना गरि, पूर्ण सिट क्षमता सम्म छनोट गरिन्छ।<br>* यो बेलामा g र h लाई पुनः, प्रत्येक 2 वा सो भन्दा माथिको पूर्ण सङ्ख्या भइ कुल 10 हुने गरि प्रत्येक विद्यालयद्वारा निर्धारण गरिन्छ; |

* "क्रिएटिभ स्कुल" (☞पृष्ठ 11) र प्रान्तीय योकोहामा मेइहोउ उच्च माध्यमिक विद्यालय, प्रान्तीय सागामी कोउयोउखान उच्च माध्यमिक विद्यालयको हकमा, सर्वेक्षण पत्रको मूल्याङ्कन प्रयोग नगरिकन समग्र कुरा हेरेर छनोट गरिन्छ।

* सञ्चार प्रणालीको हकमा, सर्वेक्षण पत्र र, आयोजना गरेको जाँचको नतिजाबाट समग्र कुरा हेरेर छनोट गरिन्छ।

* पूर्णकालीन, निर्धारित समय प्रणाली, सञ्चार प्रणालीको पाठ्यक्रम सबैको चयन बारेमा, माध्यमिक विद्यालयको मूल्याङ्कन नभएको आदि, कागजपत्रको एकभाग तयारी नभएको परीक्षार्थीलाई पनि सोचविचार गरेर छनोट गरिन्छ।

* प्रान्त स्थापित योकोहामा अन्तर्राष्ट्रिय उच्च माध्यमिक विद्यालयका सम्बन्धमा, ①, ② का बारेमा भने विधि फरक पर्ने हुनाले, "भर्ना गाइड" आदिबाट अवश्य पनि निश्चय गर्नुहोला।

(2) प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने विद्यालय
(प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय) पूर्णकालीन 16 ओटा, निर्धारित समय प्रणाली 4 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित व्यक्ति※ |
|---|---|---|---|---|
| प्रान्तीय चुरुमी सोउगोउ (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 20 |
| प्रान्तीय योकोहामा सेइर्योउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर मिनमि कु | 13 |
| प्रान्तीय योकोहामा क्योकुर्‍योउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर आसाहि कु | 7 |
| प्रान्तीय सिनएइ उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | योकोहामा नगर चुजुकि कु | 7 |
| प्रान्तीय खावासाकि उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 12 |
| प्रान्तीय दाइसि उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 10 |
| प्रान्तीय हासिमोतो उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | सागामीहारा नगर मिदोरी कु | 10 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 10 |
| प्रान्तीय ताकाहामा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | हिराचुका नगर | 7 |
| प्रान्तीय फुजिसावा सोउगोउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | फुजिसावा नगर | 7 |
| प्रान्तीय यामातो मिनामि उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | यामातो नगर | 10 |
| प्रान्तीय इसेहारा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| प्रान्तीय जामा सोउगोउ (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | जामा नगर | 10 |
| प्रान्तीय आइकावा उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | आइको जिल्ला आइकावा शहर | 10 |
| प्रान्तीय योकोहामा मेइहोउ उच्च मा.वि | निर्धारित समय | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर कोउनान कु | बिहानी समूह 7<br>दिवा समूह 7 |
| प्रान्तीय सागामी कोयोखान उच्च मा.वि. | निर्धारित समय | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | जामा नगर | बिहानी समूह 10<br>दिवा समूह 10 |
| योकोहामा नगर स्थापित मिनातो सोउगोउ (समग्र) उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर नाका कु | 6 |
| योकोहामा नगर स्थापित योकोहामा स्योग्यो (वाणिज्य) उच्च मा.वि. | पूर्णकालीन | अन्तर्राष्ट्रिय पाठ्यक्रम | योकोहामा नगर मिनामी कु | 4 |
| योकोहामा नगर स्थापित योकोहामा सोउगोउ उच्च मा.वि | निर्धारित समय | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर मिनामी कु | (नयाँ) |
| खावासाकि नगर स्थापित खावासाकि उच्च मा.वि | निर्धारित समय | सामान्य पाठ्यक्रम<br>दिवाकालीन सङ्काय | खावासाकि नगर खावासाकि कु | (नयाँ) |

※ आर्थिक वर्ष 2023 सालको भर्ना सिट क्षमता, अक्टोबरको अन्तमा खानागावा प्रान्तीय शिक्षा परिषद्को वेबसाइट या पत्रपत्रिका आदिद्वारा घोषणा गरिनेछ।

(विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय)　पूर्णकालीन 8 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम/कोर्ष | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित व्यक्ति※ |
|---|---|---|---|---|
| प्रान्तीय खानागावा सोगो (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम अन्तर्राष्ट्रिय संस्कृति कोर्स | योकोहामा नगर खानागावा कु | 10 |
| प्रान्तीय योकोहामा अन्तर्राष्ट्रिय उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम अन्तर्राष्ट्रिय | योकोहामा नगर मिनामी कु | 20 |
| | | क्रेडिट सिस्टम अन्तर्राष्ट्रिय पाठ्यक्रम अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्ष | | 5 |
| प्रान्तीय सिन्ज्यो उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | खावासाकी नगर नाकाहारा कु | 10 |
| प्रान्तीय सेइस्योउ उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | ओदावारा नगर | 10 |
| प्रान्तीय चुरुमीने उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | चिगासाकी नगर | 15 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 5 |
| प्रान्तीय इसिदा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| योकोहामा नगर स्थापित हिगासी उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 10 |

※　आर्थिक वर्ष 2023 सालको भर्ना सिट क्षमता, अक्टोबरको अन्तमा खानागावा प्रान्तीय शिक्षा परिषद्को वेबसाइट या पत्रपत्रिका आदिद्वारा घोषणा गरिनेछ।


प्रान्तीय शिक्षा परिषद् द्वारा प्रायोजित वर्णन सभा (अन्य प्रान्त वा विदेशी नागरिक प्रति लक्षित। दोभाषे उपलब्ध) ☞ **P.9**

डिसेम्बर 3 तारिख शनिवार 14:00 बजेदेखि तोचुका कोउखाइदोउमा

योकोहामा-सि तोचुका-कु तोचुका-च्योउ 127

"तोचुका ट्रेन स्टेशन पश्चिमीद्वारबाट पैदल 8 मिनेट

↑नक्शा डिस्प्ले हुन्छ।



(3) निर्धारित र सञ्चार प्रणाली विभाजित चयन (रातीको निर्धारित समय प्रणाली र सञ्चार प्रणालीमा सञ्चालित)

* साझा चयन या निजी उच्च माध्यमिक विद्यालय आदिमा उत्तीर्ण व्यक्तिले, दरखास्त दिन मिल्दैन।

प्रक्रिया एवम् जाँच तालिका(नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको अवस्था अनुसार परिवर्तन हुन सक्नेछ।)

| जाँच र प्रक्रिया | दिन समय | स्थान |
|---|---|---|
| निवेदनको कागजात पेस | (निर्धारित समय प्रणाली) मार्च 2 तारिख (बिही) 14:00 देखि 19:00<br>मार्च 3 तारिख (शुक्र) 14:00 देखि 16:00<br>(सञ्चार प्रणाली) मार्च 2 तारिख (बिही) 9:00 देखि 12:00, 13:00 देखि 17:00<br>मार्च 3 तारिख (शुक्र) 9:00 देखि 12:00, 13:00 देखि 16:00 | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |
| दरखास्त परिवर्तन समयावधि | (निर्धारित समय प्रणाली) मार्च 6 तारिख (सोम) 14:00 देखि 19:00<br>मार्च 7 तारिख (मङ्गल) 9:00 देखि 12:00, 13:00 देखि 16:00<br>(सञ्चार प्रणाली) मार्च 6 तारिख (सोम) 9:00 देखि 12:00, 13:00 देखि 19:00<br>मार्च 7 तारिख (मङ्गल) 9:00 देखि 12:00, 13:00 देखि 16:00 | तल★ हेर्नुहोला |
| जाँच हुने दिन | शैक्षिक क्षमता जाँचः मार्च 10 तारिख (शुक्र)<br>अन्तर्वार्ता र विशिष्टता जाँच आदिः मार्च 10 तारिख (शुक्र) 13 तारिख (सोम)<br>*माथि लेखिएको समयावधि भित्र, प्रवेशपत्रमा लेखिएको दिन | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |
| उत्तीर्ण घोषणा उत्तीर्ण प्रमाणपत्रको प्राप्ति | (निर्धारित समय प्रणाली) मार्च 17 तारिख (शुक्र) 15:00 देखि 18:00<br>(सञ्चार प्रणाली) मार्च 17 तारिख (शुक्र) 10:00 देखि 12:00, 13:00 देखि 15:00 | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |

★ दरखास्त परिवर्तन बारेमा

- 1 पटक मात्रै, दरखास्त दिने उच्च माध्यमिक विद्यालय परिवर्तन गर्न सकिन्छ।
- दरखास्त परिवर्तनका लागि, तलका 2 ओटा प्रक्रिया आवश्यक हुन्छ।
  1) सर्वप्रथम, पहिलो दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर प्रक्रिया गरेर, कागजात प्राप्त गर्नुपर्छ। (नोट : नयाँ आवेदनपत्र बनाउनु पर्ने हुनसक्छ। काउन्टरमा गएर बुझ्नुहोला।)
  2) 1)मा प्राप्त गरेको कागजात, नयाँ दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर पेस गर्नुपर्छ। (ध्यान दिनुपर्ने : धेरैजसो अवस्थामा, पुनः अन्तर्वार्ता सिट पेस गरिन्छ।)

**जाँचको विषयवस्तु**

| | |
|---|---|
| निर्धारित समय प्रणाली | 1) "शैक्षिक क्षमता जाँच" हुन्छ। (अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित लगायत हरेक विषयको लागि 30 मिनेट)<br>2) "अन्तर्वार्ता" हुन्छ।<br>3) "विशिष्टता जाँच" स्वरूप, व्यवहारिक जाँच, आफुलाई प्रस्तुत गर्ने जाँच हुने विद्यालय पनि छन् |
| सञ्चार प्रणाली | 1) "अन्तर्वार्ता" अथवा "निबन्ध लेखन" हुन्छ। |

**छनोट विधि (उत्तीर्ण हुने व्यक्तिको निर्णय गर्ने तरिका)**

निर्धारित समय प्रणालीको हकमा, साझा चयनको पहिलो प्रारम्भिक छनोट (☞पृष्ठ 12) कै जस्तो तरिकाले छनोट गरिन्छ।
सञ्चार प्रणालीको हकमा, सर्वेक्षण पत्र र आयोजना गरेको जाँचको नतिजाबाट, समग्र रूपले छनोट गरिन्छ।

(4) सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि बारेमा

विशेष परीक्षा विधिको लागि, सामान्य भर्नामा परीक्षा दिने व्यक्तिले, आवेदन गर्न सक्छ।

साथै, आवेदन, सामान्य भर्ना गरिने सबै सार्वजनिक उच्च माध्यमिक विद्यालयमा गर्न सकिन्छ।
(आवेदन गर्न सक्ने व्यक्ति)
सिद्धान्ततः, विदेशबाट बसाइँ सरि आएको 6 वर्ष भित्र (2023 साल फेब्रुअरी 1 तारिखमा) को व्यक्ति
(आवेदन विधि)
"विदेशबाट बसाइँ सरि आएको व्यक्ति आदिलाई, अभिभावक मानेर, दरखास्त दिने व्यक्तिको, परीक्षा विधि आदिको, लागि आवेदनपत्र" (5 नं. फारम) पेस गर्नुपर्छ। साझा चयनको लागि पनि निर्धारित र सञ्चार प्रणाली विभाजित चयनको लागि पनि क्रमश" आवेदन दिन आवश्यक हुन्छ।
यो कागजात माध्यमिक विद्यालयको प्रधानाध्यापकको नामबाट जारी गर्नुपर्छ।
चाँडै नै मुख्य शिक्षकसित परामर्श गर्नुहोला।
माध्यमिक विद्यालयमा नामाङ्कित नभएको व्यक्तिले, इच्छा लागेको उच्च माध्यमिक विद्यालयमा सोधपुछ गर्नुहोला।

(आवेदन गर्न मिल्ने परीक्षा विधि)
1) शैक्षिक क्षमता जाँच प्रश्न आदिको वाक्यहरूमा रुबी (खान्जीसँग हिरागाना) सङ्लग्न गर्ने
2)शैक्षिक क्षमता जाँच आदिको समयावधिको विस्तार (अधिकतम 1.5 गुणा)
3) अन्तर्वार्ता आदिको बेलामा, बुझ्न सरल शब्दले विस्तारै बोल्ने

★ दोभाषे सँगै राख्ने र शब्दकोष बोक्ने गर्न मिल्दैन।

★ "प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना" को हकमा, माथि उल्लेखित परीक्षा विधिको 1) र 3) को जाँच गरिने भएकाले, "विशेष किसिमको परीक्षा विधि" को आवेदन दिनु पर्दैन।
तथापि, उत्तीर्ण नभइ निर्धारित र सञ्चार प्रणाली विभाजित चयनको परीक्षा हुने अवस्थामा, आवेदन आवश्यक हुन्छ।
निर्धारित समय प्रणाली र सञ्चार प्रणाली विभाजित चयनको परीक्षाको सम्भावना भएको अवस्थामा, चाँडै नै आवेदन गर्नुहोला।
★ त्यस बाहेक, परीक्षामा विशेष विचार पुर्‍याइदिनु पर्ने आवश्यकता भएका व्यक्तिले प्रान्तीय शिक्षा परिषद् मा परामर्श गर्नुहोला।

(सोधपुछ ठेगाना)
*Ken Kyoiku Iinkai, Koko Kyoiku Kikaku-ka, Nyugakusha Senbatsu Teiin-group*
(प्रान्तीय शिक्षा परिषद्, उच्च मा.वि. शिक्षा शाखा, भर्ना छनोट कर्मचारी समूह)
टेलिफोन 045 - 210 - 8084 (प्रत्यक्ष लाइन, जापानी भाषामा)

## 10 पढाइ खर्च बारेमा

उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्नको लागि पढाइ खर्च (शिक्षा खर्च) आवश्यक हुन्छ। साथै, भर्ना शुल्क पनि आवश्यक हुन्छ।

पूर्णकालीनको पाठ्यक्रम

| | |
|---|---|
| भर्ना शुल्क | 5,650 येन |
| वार्षिक कक्षा शुल्क | 118,800 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट * भुक्तानी प्राप्त गरेको बेला | 0 येन |

निर्धारित समय प्रणालीको पाठ्यक्रम
( ) भित्रको योकोहामा नगरको लागि

| | |
|---|---|
| भर्ना शुल्क | 2,100 येन (1,200 येन) |
| वार्षिक कक्षा शुल्क | 32,400 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट * भुक्तानी प्राप्त गरेको बेला | 0 येन |

(यहाँ वर्णन गरिएको पढाइ खर्च 2022 साल मे 1 तारिखको हो। रकम संशोधन पनि हुन सक्ने भएकाले, अग्रिम पुष्टि गर्नुहोला।)

* उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा ☞पृष्ठ 18

1 वर्षको अवधिमा आवश्यक पर्ने लगभग खर्च, निम्न अनुसार छ।
(तथापि, उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिको भुक्तानी प्राप्त गरेको अवस्थाको राशि)
(जानकारीको लागि)
सार्वजनिक उच्च माध्यमिक विद्यालय (पूर्णकालीनको पाठ्यक्रम) लगभग 200,000 येन (प्रथम वर्ष)
सार्वजनिक उच्च माध्यमिक विद्यालय (निर्धारित समय प्रणालीको पाठ्यक्रम) लगभग 40,000 येन (प्रथम वर्ष)
निजी उच्च माध्यमिक विद्यालय (पूर्णकालीनको पाठ्यक्रम) लगभग 900,000 येन देखि माथि (प्रथम वर्ष)

माथि उल्लेखित मध्ये, उत्तीर्ण भएपछिको विद्यालय भर्ना प्रक्रिया आदिको बेलामा (मार्च) मा, एकमुष्ट खर्च लाग्छ।
पूर्णकालीन सामान्य पाठ्यक्रमको हकमा, लगभग 1,00,000 येन (पाठ्यपुस्तक लागत, पूरक सामग्री लागत, विद्यालय पोशाक र व्यायाम पोशाक, खेलकूद जुत्ता आदिको खरीद खर्च) हो। विशिष्टिकृत कोर्सको लागि त्यसमाथि प्रशिक्षण लागत पनि लाग्न सक्छ।

साथै, स्कुल आवतजावत खर्च (यातायात खर्च), अतिरिक्त क्रियाकलाप खर्च, स्टेशनरी खर्च, शारीरिक शिक्षा कक्षाको लागि जुडो पोशाक शुल्क तथा पौडी पोशाक शुल्क, शैक्षिक भ्रमण शुल्कका लागि आरक्षित रकम आदिको खर्च लाग्ने पनि हुनसक्छ।

त्यस बाहेक, "खानागावा प्रान्तीय उच्च माध्यमिक विद्यालय छात्रवृत्ति रकम" आदि आर्थिक रूपमा असबल विद्यार्थीलाई लक्षित छात्रवृति रकमको प्रणाली पनि रहेको छ। छात्रवृति रकम भनेको, अध्ययन खर्चको सहायता आवश्यक पर्ने विद्यार्थीलाई छात्रवृति रकम सापटी दिइने प्रणाली भएकोले ब्याज लाग्दैन तर भविष्यमा फिर्ता गर्नुपर्ने आवश्यकता रहन्छ।

## 11　उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा

घरबारको स्थितिको परवाह बिना नै, इच्छा भएका उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीले निर्धक्क सँग अध्ययनमा लागिपर्ने समाज सिर्जना गर्नका लागि, विद्यार्थीलाई, अध्यापन शुल्क भरण गर्नुपर्ने "उच्च माध्यमिक विद्यालय आदिका भर्ना टेवा रकम" भुक्तानी गरि, घरबारको शैक्षिक खर्चको बोझ हलुका गर्ने प्रणाली हो। समग्र समाजको वहनद्वारा, अध्ययनमा टेवा पुगेको कुरा बुझेर, भविष्यमा, समाजको नेतृत्व वाहक भएर व्यापक सक्रियता जनाउने छ भन्ने अपेक्षा गरिएको छ। **(* यो ऋणको छात्रवृत्ति नभएकोले, चुक्ता गर्न नपर्ने हुन्छ।)**

सार्वजनिक उच्च माध्यमिक विद्यालयको हकमा, विदयालय भर्ना टेवा राशि प्राप्त गर्ने योग्यता प्राप्त गरेमा, कक्षा शुल्क भुक्तानी गर्नु नपर्ने हुन्छ।

**यो प्रणाली प्रयोग गर्नको लागि, प्रक्रियाको आवश्यक हुन्छ। भर्ना हुने विद्यालयद्वारा विस्तृत वर्णन गरेर, आवश्यक कागजात हस्तान्तरण गरिन्छ।**

अनुवादित सामाग्री पनि भएकोले, आवश्यक पर्ने महानुभावले भर्ना हुने उच्च मा.वि.मा परामर्श गर्नुहोस्।

＜भुक्तानी दिँदाका शर्त＞

○ संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति। आमाबुबा भएमा दुवैजना)को आय सम्बन्धमा, तलको सुत्र अनुसार हिसाब निकालेको राशि, 3 लाख 4 हजार 2 सय येन भन्दा कम भएका परिवारका व्यक्ति (लगभग वार्षिक आय 91 लाख येन वा सो भन्दा कम भएका)

【सुत्र】 (स्थानीयवासी करको) कर लागेको मानक राशि ×6% - (स्थानीयवासी करको) समायोजित कटौती राशि

○ जीवनयापन संरक्षण प्राप्त गरिरहेको घरपरिवारको व्यक्ति

＜आवेदन कागजात＞

(1)आवेदन फारम (**भर्ना हुन जाने उच्च माध्यमिक विद्यालयमा वितरण गरिन्छ**)

(2) **संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) सबैको माइनम्बर कार्ड आदिको प्रतिलिपिहरू** (माइनम्बर कार्ड / व्यक्तिगत नम्बर उल्लेखित बसोबास पत्र (ज्यूमिन्-ह्योउ)को प्रतिलिपि, व्यक्तिगत नम्बर उल्लेखित बसोबास विवरण तथ्य उल्लेखित प्रमाणपत्र (ज्युमिन्-ह्योउ किसाइ जिकोउ स्योउमेइ-स्यो) आदि)

＜आवेदन काल＞

सिद्धान्ततः भर्ना हुने समयमा 1 पटक (पेस गर्ने समयसीमा सम्बन्धमा, भर्ना भएको उच्च माध्यमिक विद्यालयले सूचित गर्ने छ।)

(उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा सोधपुछ ठेगाना)

दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्ष

प्रान्तीय शिक्षा परिषद्, वित्त शाखा, वित्तिय निर्देशन समूह 045 - 210 – 8113 (प्रत्यक्ष लाइन जापानी भाषामा)

## 12　निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा

खानागावा प्रान्तको हकमा, निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीका संरक्षकहरूको आर्थिक भार हलुका होस् भन्नका लागि, भर्ना रकम / अध्ययन शुल्क फिर्ता गर्नु नपर्ने गरी अनुदान प्रदान गर्ने गरेका छौँ। तथापि, भर्नाको समयमा भर्ना रकम या अध्ययन शुल्क दाखिला गर्ने र, भर्ना गरिसके पश्चात अनुदान राशि पाइने हुन्छ। विस्तृत विवरणको लागि सम्बन्धित निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा सोधपुछ गर्नुहोला।

(उदाहरण) वार्षिक आय करिब 70 लाख येन भन्दा कम भएका घरपरिवार या जीवनयापन संरक्षण प्राप्त गरिरहेका घरपरिवारको हकमा, अध्ययन शुल्क अनुदान राशि 456,000 येन

वार्षिक आय करिब 75 लाख येन भन्दा कम भएका घरपरिवारको हकमा, अध्ययन शुल्क अनुदान राशि 193,200 येन

वार्षिक आय करिब 80 लाख येन भन्दा कम भएर धेरै बच्चा भएका घरपरिवार*को हकमा, अनुदान राशि 456,200 येन

वार्षिक आय करिब 91 लाख येन भन्दा कम भएका घरपरिवारको हकमा, अध्ययन शुल्कको अनुदान राशि 118,800 येन

वार्षिक आय करिब 91 लाख येन भन्दा कम भएर धेरै बच्चा भएका घरपरिवार*को हकमा, अनुदान राशि 193,200 येन

माथिको उदाहरण, खानागावा प्रान्त भित्र बसोबास गर्ने र प्रान्त भित्रकै निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत व्यक्तिको अध्ययन शुल्क अनुदान राशि रहेको छ।

अनुदान राशि, संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति। आमाबुबा भएमा दुवैजना) को "आयमा आधारित मानक राशि" बाट निर्धारण गरिन्छ। विस्तृतमा, "भर्ना खुला सम्बन्धी जानकारी" हेर्नुहोला।

*1 धेरै बच्चा भएका घरपरिवार......15 वर्ष वा सो भन्दा माथि र 23 वर्ष भन्दा कम उमेरका पालनपोषण गरिरहेको बच्चा (माध्यमिक तहको विद्यार्थी बाहेक) 3 जना भन्दा बढी भएको घरपरिवार

*2 दायरामा पर्ने विद्यालयको लागि वेबसाइट हेर्नुहोस्।

https://www.pref.kanagawa.jp/docs/v3e/jyosei/gakuhisien/index.html

【निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा सोधपुछ गर्ने ठाउँ】

・केन् फुकुसि कोदोमो मिराइ-बु सिगाकु सिन्कोउ-खा ज्योसेइ ग्रुप TEL (045)210-3793 [डाइरेक्ट लाइन / जापानी भाषामा सेवा प्रदान]

## 13 उच्च माध्यमिक विद्यालयको पुनः भर्ना बारेमा

क) पुनः भर्ना बारेमा

उच्च माध्यमिक विद्यालयमा 1 वर्ष वा सो भन्दा बढी उपस्थित भएपछि बीचमै विद्यालय छोडेको व्यक्तिले, उच्च माध्यमिक विद्यालयमा फेरि प्रवेश गरेर सच्याउनुलाई, पुनः भर्ना भनिन्छ।

विदेशमा उच्च माध्यमिक विद्यालयमा (सापेक्षिक ग्रेड) मा उपस्थित भएको व्यक्ति, जापानको उच्च माध्यमिक विद्यालयमा प्रवेश गर्ने अवस्था पनि पुनः भर्ना हो।

भर्ना आह्वान गरिएको उच्च माध्यमिक विद्यालयमा, पुनः भर्नाको लागि चयन (अन्तर्वार्ता, शैक्षिक क्षमता जाँच आदि)दिएर उत्तीर्ण भएमा, पुनः भर्ना हुन सकिन्छ।

★ खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालय (पूर्णकालीन) मा पुनः भर्ना गर्नका लागि, मूलव्यक्ति र अभिभावक प्रान्त भित्र बसोबास गरिरहेको हुनु जरूरी छ।

ख) विदेशबाट पुनः भर्ना गर्नका लागि भने

विदेशबाट विद्यालयको शिक्षामा हुने 10 वर्षको पाठ्यक्रम वा सो भन्दा बढी सम्पन्न गरेको हुन जरूरी छ। पुनः भर्नाको समय, सिद्धान्ततः अप्रिल 1 तारिख देखि भइ, मार्चमा जापानी भाषाद्वारा शैक्षिक क्षमता जाँच र अन्तर्वार्ता हुन्छ। प्रत्येक विद्यालयको प्रान्त निवासी विदेशी आदि विशेष भर्ना परिधिमा खाली ठाउँ भइ, दरखास्त योग्यता भएमा, उक्त परिधिमा पुनः भर्नाको दरखास्त पनि दिन सकिन्छ। (दरखास्त योग्यता☞ पृष्ठ 5) भर्ना हुने विद्यालयमा ग्रेड लेभल (अथवा सो सरहको पढाइ लेभल ) भने, उत्तीर्ण भएपछि, भर्ना लिने विद्यालयको प्रधानाध्यापकले निर्णय गर्नुहुन्छ।

**(सोधपुछ ठेगाना)**

खानागावा केन क्योउइकु इइनखाइ (प्रान्तीय शिक्षा परिषद्) को तेन्पेन न्युगाकु ज्योहो सेन्टर

योकोहामा सि नाका कु निहोन ओओदोरी 1 खानागावा प्रान्त कार्यालय, आजुमा च्योउस्या भवन 6 तल्ला

टेलिफोन 045 – 210 – 8235 (प्रत्यक्ष लाइन जापानी भाषामा मात्र)

सोमबार देखि शुक्रबार 8:30 देखि 12:00 र 13:00 देखि 17:15

# 日本語を母語としない人たちのための高校進学ガイダンス　２０２２

主催　神奈川県教育委員会、認定NPO法人多文化共生教育ネットワークかながわ(ME-net)

【会場③のみ】　神奈川県教育委員会、多文化活動連絡協議会、(公財)川崎市国際交流協会、
認定NPO法人多文化共生教育ネットワークかながわ(ME-net)

ガイダンスに参加できるのは中学３年生または中学校を卒業した人とその保護者です。

**①　９月３日（土曜）厚木市　アミューあつぎ　７Ｆ**

参加予定高校：愛川、座間総合、橋本、相模向陽館　ほか

**②　９月17日（土曜）横浜市西区　かながわ県民センター　２Ｆホール**

参加予定高校：横浜清陵、鶴見総合、横浜明朋、新栄、横浜旭陵、横浜商業、横浜総合
みなと総合　ほか

**③　９月19日（月曜・休日）川崎市　川崎市国際交流センター**

参加予定高校：県立川崎、市立川崎定時、大師、鶴見総合、新栄　ほか

**④　10月２日（日曜）平塚市　江陽中学校**

参加予定高校：伊勢原、高浜　ほか

**⑤　10月16日（日曜）相模原市　さがみはら国際交流ラウンジ**

参加予定高校：橋本、相模原弥栄、相模向陽館、愛川　ほか

**⑥　10月23日（日曜）大和市　渋谷中学校**

参加予定高校：大和南、藤沢総合、座間総合、相模向陽館　ほか

※参加予定高校について：在県外国人等特別募集校のみ掲載しています。
その他の参加高校も含め、最終的な参加高校や会場案内など、詳しくは、
**「ガイダンス特設ページ」をご覧ください**　https://hsguide.me-net.or.jp　☞

**予約が必要です。入場は無料です。**

問合せ：ME-net事務局（045）896－0015（月・水・金 10:00～17:00）

**高校進学ガイダンス申込み** https://hsguide.me-net.or.jp/reservations　☞

**予約が必要です！２週間前までに予約してください。定員になり次第、締め切ります。**

**通訳が必要な人は、予約する時に申し込んでください。**

**来場時間は予約を受け付けた後、ガイダンスの１週間前にメールでお知らせします。**

ガイダンスは新型コロナウイルス対策をとって実施しますが、
中止する場合はガイダンス特設ページでお知らせします。